अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०७/२०८१-०८२ मिति २०८१/१०/११ गते बसेको बैठकका निर्णयहरू सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ ।

**संवत् २०८१ साल माघ ११ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुः**

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | उद्योग विकास शाखा | यस गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार चालु आर्थिक वर्षका लागि सुदूरपश्चिम प्रदेश सरकारबाट विशेष अनुदान अन्तरगत प्राप्त नवप्रवर्तनमा आधारित उद्यमशीलता तथा आय आर्जन कार्यक्रमका लागि पेश भएको प्रस्तावना संशोधन गरी कार्यान्वयन गर्ने । |
| २. | प्रशासन शाखा | यस गाउँपालिकाको समग्र विकास, सामाजिक, सांस्कृतिक तथा स्थानीय सरकार सञ्चालन सम्बन्धी सीकाई तथा असल अभ्यास, आपसि सहयोग, सदभाव आदानप्रदान गर्न भरतपुर महानगरपालिका, चितवन सँग भगिनि सम्बन्ध स्थापना गर्ने । |
| ३. | शिक्षा यूवा तथा खेलकुद शाखा | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा अपिहिमाल गाउँपालकाको शिक्षा ऐन, २०७७ को दफा ४९ को उपदफा (२) बमोजिम अपिहिमाल गाउँपालिकाको विद्यालय भान्छा सुधार कार्यविधि, २०८१ स्वीकृत गर्ने । |
| ४. | आर्थिक प्रशासन शाखा | यस गाउँ कार्यपालिकाको कार्यालयमा वडाबाट सिफारिस सहित आर्थिक सहायताका लागि पेश भएका निवेदनहरु उपर छलफल गरी अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८० को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम सम्बन्धित लाभग्राहीलाई रकम भुक्तानी गर्ने । |
| ५. | प्रशासन शाखा | श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार,काठमाडौं मार्फत प्राप्त श्री अख्तियार दुरुपयोग अनुसन्धान, आयोग, टंगाल, काठमाडौंका सूझाव उपर छलफल गर्दा उक्त सुझावको कार्यान्वयन गर्ने । |
| ६. | आर्थिक प्रशासन शाखा | प्रोजेक्ट रंगिचंङ्गि समूहको सामग्री ढुवानी र आतेजाते खर्च भुक्तानी दिने । |
| ७. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाबाट काठमाडौंमा संचालन भएको टुरिष्ट गाइड तालिमका लागि सहभागि भएका सहभागीहरुलाई तालिम खर्च उपलब्ध गराउने । |
| ८. | पूर्वाधार विकास शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत संघीय सरकारबाट सशर्त अनुदान अन्तरगत वडा नं.६ को चौकीबगर मज्जे सितोला होपरी सडक उपभोक्ता समितिबाट निर्माण गर्ने । |

रबिन्द्र सिंह बोहरा
प्रवक्ता
अपिहिमाल गाउँ कार्यपालिका